Gov. Reg.No 149/053/054

# नेपाल मानव अधिकार संगठन

## HUMAN RIGHTS ORGANISATION OF NEPAL

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं
Central Office, Anamnagar, Kathmandu

Estd. 1988 A.D. (2045 B.S.)

मिति-२०७४/४/२३

## प्रेस वक्तव्य

## डा.के.सी.को जीवनरक्षाका लागि अपील

चिकित्सा शिक्षा र सो क्षेत्रमा भएका एवं हुन लागेका विकृती र विसंगति विरुद्ध विभिन्न मागहरु राखि सम्भवत यो ११ औं पटक अहिले १४ **दिनदेखि वरिष्ठ चिकित्सक डा. गोविन्द के. सी.** आमरण अनसनमा वस्नुभएको छ । शिक्षण अस्पताल महाराजगञ्जवाट सार्वजनिक जानाकारी अनुसार उहाँको स्वास्थ्य जोखिमपूर्ण रहेको छ ।

**गोविन्द के.सी** जस्तो उच्च कोटीका चिकित्सकले नेपालको समग्र चिकित्सा क्षेत्रको सुदुर भविश्यका लागि राख्नुभएका जायज मागहरु र उहाँको आमरण अनसन प्रतिको सरकारी लापर्वाही वारे संगठनको गंभिर ध्यानाकर्षण भएको छ । साथै, सरकारको यस अकर्मण्यता प्रति संगठन दुःख प्रकट गर्दछ । पटक पटको अनसनका कारण उनको स्वास्थ्य अत्यन्त कमजोर भएको छ । मानव जीवनको सम्वेदनशिलता एवं मानव अधिकारको विश्वव्यापी शिद्धान्तलाई समेत ध्यानमा राखि डा. के.सी.का मागहरुका सम्वन्धमा हामी नेपाल सरकार लगायत सवै सम्वन्धित पक्षसमक्ष तपसिलका विषयमा ध्यानाकर्षण गराउदछौं ।

**तपसिल**

१, डा. के.सी.को जीवन रक्षाका लागि हामी नेपाल सरकार लगायत अन्तराष्ट्रिय समुदाय समक्ष अपिल गर्दछौं ।

२ डा.के.सीसँग नेपाल सरकारले गरेका सवै सम्झौता र सहमतिको अविलम्व पालना एवं कार्यान्वयन गरियोस ।

३, चिकित्सा क्षेत्रमा भएका विकृती र विसंगति समुल अन्त्य गरियोस ।

**ईन्द्र प्रसाद अर्याल**
**अध्यक्ष**

P.O. Box 5424, Anamnagar, Kathmandu, Nepal, **Tel :** +977-1-4269948, **Fax :** +977-1-4229949
**E-mail :** huron.nepal@gmail.com, **Website :** www.huronnepal.org.np